Australian Government

# बहुसांस्कृतिक संरचना समीक्षा

## बहुसांस्कृतिक संरचना समीक्षाको परिचय दिँदै

बहुसांस्कृतिक संरचना समीक्षाको प्रतिवेदन जारी गर्न पाउँदा अष्ट्रेलियाली सरकार उत्साहित छ।

यस समीक्षाले अष्ट्रेलियाको बहुसांस्कृतिक समाजको अवस्थाको जाँच गर्दछ, र कानून, नीति र संस्थागत बनावटहरूलाई अझ सबल बनाउन र समकालीन चुनौतीहरूको जवाफ दिन सक्षम बनाउन परिवर्तनहरू सिफारिस गर्दछ।

तीन प्रख्यात अष्ट्रेलियालीहरू – डा Bulent Hass Dellal AO, सुश्री Nyadol Nyuon OAM र सुश्री Christine Castley – ले समीक्षा सञ्चालन गरेका थिए। यस समीक्षा प्यानल (टोली) लाई एक सूचित र सान्दर्भिक सन्दर्भ समूहद्वारा समर्थन गरिएको थियो: श्री Osmond Chiu; सुश्री Swati Dave; सुश्री Rana Ebrahimi; श्री Bachar Houli; श्री John Kamara; सुश्री Premila Levaci तथा श्री Mohammad Al-Khafaji।

सरकारले समीक्षाको बारेमा जानकारी र ३३ भाषाहरूमा लिखित सामाग्रीहरू र ३५ भाषाहरूमा अडियो (श्रव्य) ढाँचामा प्रस्तुतीकरण गर्न निमन्त्रणा प्रकाशित गर्यो। प्यानलले ७९६ प्रस्तुतिहरू प्राप्त गर्यो, अंग्रेजी बाहेक अन्य १२६ भाषाहरूमा थिए, जसलाई यसको सोचबारे सूचित गर्न अनुवाद गरिएको थियो। यसले ४ देखि २४ वर्षका उमेरका युवाहरूलाई हाम्रो बहुसांस्कृतिक समाजको अनुभव र विचारहरू चित्रमा व्यक्त गर्न पनि आमन्त्रित गर्यो । उनीहरूका १०३ कलाकृतिहरू https://www.homeaffairs.gov.au/about-us/our-portfolios/multicultural-framework-review/online-art-exhibition मा हेर्न सकिन्छ ।

## हाम्रो बहुसांस्कृतिक सफलताको कथालाई निरन्तरता दिँदै

कम्तिमा ६५,००० वर्षसम्म, आदिवासी र टोरेस स्ट्रेट टापुवासी मानिसहरूले यस महाद्वीपमा धेरै संस्कृतिहरू कायम राखेका छन् । उनीहरूले उपनिवेशीकरणको समयदेखि नै उनीहरूलाई निर्मूल गर्ने प्रणालीगत र कहिलेकाहीँ हिंस्रक प्रयासहरूको प्रतिरोध गरेका छन्। सफल बहुसंस्कृतिवाद आदिवासी (First Nations) को इतिहास र संस्कृतिहरूको अधिक समझ र उत्सवबाट सुरू हुन्छ।

अष्ट्रेलिया महाद्वीपमा १७८८ मा आप्रवासन सुरू भएतापनि, १९४५ देखि अष्ट्रेलियाले ७५ लाख आप्रवासीहरूलाई स्वागत गरेको छ, जसमा ९५०,००० भन्दा बढी शरणार्थीहरू र मानवीय आवश्यकता भएका मानिसहरू समावेश छन्। यी गहन तर शान्तिपूर्ण परिवर्तनहरू राष्ट्रिय शक्ति र गर्वका स्रोत हुन्।

# समीक्षाका प्रमुख निष्कर्षहरू

प्यानलले १४३० भन्दा बढी व्यक्ति र ७५० संगठनहरूसँग परामर्श गर्न अष्ट्रेलियाभरि यात्रा गरेको थियो।
प्राप्त गरिएका धेरै अन्तरज्ञानहरू मध्ये, प्यानलले निम्न कुराहरू पत्ता लगाए:

- सरकारले भेदभाव रोक्न, समान अवसरहरू प्रवर्द्धन गर्न र बलियो सार्वजनिक सेवाहरूमा पहुँच प्रदान गर्न कानूनहरू र नीति स्थापना गरेतापनि, अष्ट्रेलियालाई आफ्नो घर भन्ने सबै व्यक्तिहरूले हाम्रो बहुसांस्कृतिक समाजलाई दिगो बनाउने साझा जिम्मेवारी निभाउनुपर्छ।
- क्षेत्रीय समुदायहरू सांस्कृतिक रूपमा अझ विविध हुँदैछन् र बहुसांस्कृतिक कथाको महत्त्वपूर्ण भाग हुन्।
- अष्ट्रेलियालीहरूको विविध जीवनलाई धेरै कारकहरूले आकार दिन्छन्। सरकारले नीति बनाउँदा भेदभावका प्रकारहरूलाई अन्तरविरोध गर्ने विचार गर्नुपर्छ।
- अष्ट्रेलियाको बहुसांस्कृतिक भविष्य परिभाषित गर्ने युवाहरू, नीति निर्माणको विचारहरू गर्दा उनीहरूमा केन्द्रित हुनुपर्छ।

प्यानलका २९ सिफारिसहरू समीक्षाका तीन मुख्य सिद्धान्तहरूबाट निस्कन्छन्:

- **सम्बन्ध** – सरकार र समुदायहरूका सबै तहहरू बीच नेतृत्व, योजना, र उत्तरदायित्वको माध्यमबाट बहुसांस्कृतिक अष्ट्रेलियाको जग स्थापना गर्ने।
- **पहिचान र आफ्नोपन** – अंग्रेजी भाषाका कार्यक्रमहरू, नागरिकता नीति, र कला, संस्कृति, खेलकुद र मिडियामा सहभागिता मार्फत स्वागतिलो अष्ट्रेलियाको सिर्जना गर्ने।
- **समावेशीकरण** – सार्वजनिक सेवाहरूमा सांस्कृतिक क्षमता निर्माण गर्ने, अनुदान कार्यक्रमहरू अनुकूलन गर्ने, डिजिटल समावेशीकरण र बलियो भाषा सेवा क्षेत्र सुनिश्चित गर्ने, र युवाहरू र क्षेत्रीय इलाकाहरूको अद्वितीय आवश्यकताहरू पूरा गर्ने।

यो अष्ट्रेलियाली बहुसंस्कृतिवादको अहिलेसम्म गरिएको सबैभन्दा उल्लेखनीय र विचारशील समीक्षाहरू मध्ये एक हो। अष्ट्रेलियाको बहुसांस्कृतिक बनावटले सबै अष्ट्रेलियालीहरूको प्रतिभालाई उपयोग गर्ने सुनिश्चित गर्ने हाम्रो प्रतिबद्धतालाई आधार बनाएर सरकार संरचनाका सिद्धान्तहरूप्रति प्रतिबद्ध र निर्देशित हुनेछ।